# नेपाल सरकार

## अर्थ मन्त्रालय,

## प्रेस विज्ञप्ती

काठमाडौं २६ चैत्र, २०७४। नेपाल सरकारको २०७४/१२/२० गतेको निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा कार्यरत डा.राजन खनाल अर्थ सचिवमा सरुवा हुनु भएकोमा आज एक समारोहका वीच उहाँले अर्थ मन्त्रालयमा, अर्थ सचिवको पद वहाली गर्नु भयो।

मुलुकको अर्थतन्त्र चुनौतिपूर्ण अवस्थामा रहेकोले समृद्ध नेपाल तथा सुखी नेपाली भन्नो सरकारको नारालाई सफल वनाउन सवैले सक्रिय, निष्ठापूर्वक र कुनै पनि किसिमको मोलाहिजा नराखी काम गर्नु पर्ने कुरामा जोड दिनु भयो।

आगामी आ.व.को बजेट तर्जुमा गर्ने कार्यमा केही ढिलो हुन गएकोले बजेट तर्जुमाको काममा कुनै पनि खालको ढिलासुस्ती नगरी काममा लाग्न पनि सचिव खनालले निर्देशन दिनु भयो।

सरकारको कोष मजवुद वनाउन राजस्व परिचालनलाई प्रभावकारी बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने, बढ्दै गएको अनौपचारिक अर्थतन्त्रलाई प्रभावकारी रुपमा नियमन गर्ने, सार्वजनिक खर्चमा देखिएको आर्थिक अनियमितता, अनुशासनहिनतामा कडाई गर्ने, अनावश्यक विदेश भ्रमणलाई नियन्त्रण गर्ने र सार्वजनिक संस्थानको लगानीलाई उत्पादनमूलक वनाउन सार्वजनिक संस्थान सञ्चारलनको मापदण्ड निर्धारण गरी लागू गर्नु पर्ने कुरामा उहाँले जोड दिनु भयो।



पूँजी बजार र आर्थिक क्रियाकलापले समग्र अर्थतन्त्रलाई प्रतिनिधित्व गर्नु पर्नेमा सो हुन सकेको छैन।पूँजी वजारमा भएको लगानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न चाहिने पूँजीको रुपमा विकास गर्नु पर्ने हुन्छ। यसका लागि पनि पूँजी वजारको नियमन गर्ने निकायले प्रभावकारी रुपमा आफ्नो भूमिका निर्वाह गर्नु पर्ने निर्देशन गर्नु भयो।

समष्टिगत आर्थिक परिसूचकहरु सोचे मुताविक हाशिल हुन सकेका छैनन्। व्यापार घाटा वढ्दै गएको छ। सरकारी कोषको अवस्था मजवुद हुन सकेको छैन। मुलुक संघीय संरचनामा रुपान्तरण भईसकेको सन्दर्भमा नागरिकको वढ्दो अपेक्षाहरुलाई सम्वोधन गर्न वढी भन्दा वढी स्रोत परिचालन गर्नु पर्ने हुन्छ। स्थानीय तहको क्षमता अभिवृद्धि गर्न पनि पर्याप्त स्रोत जुटाउनु पर्ने हुन्छ। बजेट भन्दा वाहिरको स्रोतलाई बजेट भित्र नै समावेश गरी काम गर्नु पर्ने हुन्छ। सरकारको खर्चको भारलाई कम गर्न योगदानमा आधारित पेन्सन प्रणाली सम्वन्धी कानूनी व्यवस्थालाई लागू गर्नु पर्छ।

सो पदवहाली कार्यक्रममा सचिव खनालले भ्रष्टाचारमा शुन्य सहनशीलता अवलम्वन गर्ने, सवै कर्मचारीले पारदर्शी, उत्तरदायी, जिम्मेवार र नैतिकवान भई कार्य सम्पादन गर्ने, आफ्नो सेवा सुविधा भन्दा पनि मुलुक र नागरिकको हितलाई केन्द्रमा राखी काम गर्ने, कुनै पनि कर्मचारीले व्यवहार, शैली, स्वभावबाट अशुद्धताको गन्ध आउने गरी काम नगर्न निर्देशन दिनु भयो। उक्त पदवहाली कार्यक्रममा राजस्व सचिव शिशिर कुमार ढुङ्गानाले सचिव खनाललाई स्वागत गर्नु भएको थियो भने अर्थ मन्त्रालय मातहतका उच्च पदस्थ अधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।